भरतपुर महानगरपालिकाको सम्मानित नवौं नगरसभा २०७८ साल आषाढ १० गते

बिहिबारका दिन महानगरपालिका उप-प्रमुख श्री पार्वती शाह ठकुरीज्यूले

प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७८/७९ को

# बजेट वक्तव्य २०७८

सभाका अध्यक्ष एवं नगर प्रमुखज्यू,

नगर सभाका सदस्यज्यूहरू ।

१. महानगरपालिकाको सम्मानित नवौं नगरसभा समक्ष महानगरको मार्गदर्शक सिद्धान्तको रुपमा रहेको आर्थिक वर्ष २०७८।०७९को समग्र नीति तथा कार्यक्रम कार्यान्यनको दस्ताबेजको रुपमा यो बजेट प्रस्तुत गरिरहँदा अत्यन्तै गर्वको महसुस गरेको छु।

२. यो बजेटले सामाजिक, आर्थिक, सास्कृतिक र राजनैतिक रुपान्त्रणमा रणनैतिक महत्व राख्ने अपेक्षा समेत राखेकी छु।यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक परिर्वतनमा जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै संघीय शासन प्रणाली आत्मसात गर्दै राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्धि प्राप्तिको लागि संघर्ष गर्नुहुने महान् नेपाली जनता र सो अभियानको सफल नेतृत्व गर्नुहुने नेपालि राजनीतिका शिखर व्यक्तित्वहरूप्रति हार्दिक सम्मानभाव व्यक्त गर्न चाहन्छु।

३. **"मध्यनेपालको सुन्दर शहर,समृद्ध र सुसंस्कृत भरतपुर महानगर "** भन्ने मूल नारा लाइ आत्मसात् गर्दै स्वास्थ्य, शिक्षा, रोजगारी, उत्पादन, खानेपानी, दीगो पूर्वाधार तथा प्रभावकारी सेवा प्रवाह मार्फत नगरवासीलाई परिर्वतनको प्रत्यक्ष लाभ पुर्याउने उदेश्यका साथ महानगर अघि बढिरहेको कुरा सबैलाइ सर्वविदितै छ।

४. नेपालको संविधान; संघीय तथा प्रदेश सरकारबाट जारी ऐन, कानून तथा स्थानीय सरकार सञ्चालनको मार्गदर्शन को रुपमा रहेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४;महानगरको अर्थ विधेयक,२०७८; विनियोजन विधेयक, २०७८;आ.व. २०७८।७९ को नीति तथा कार्यक्रम; संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु; स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७, विकासका सहयात्रीहरु,महानगरका विषयगत समितिका सुझावहरू;दीगो विकासका लक्ष्यहरु; नगर सभाका सदस्यज्यूहरूले दिनुभएका सुझावहरू; विषय विज्ञका सुझाव, सञ्चारकर्मी, नागरिकसमाज, राजनीतिक दलहरू, विभिन्न संघसंस्था एवं सरोकारवालाको सुझाव र महानगरबासी दिदीबहिनी तथा दाजुभाइहरूबाट प्राप्त महत्वपूर्ण तथा कार्यान्वयन योग्य

सुझाबहरू नै आर्थिक वर्ष २०७८/ ७९ को नीति तर्जुमा एवं बजेट प्रक्षेपणको आधार रहेको छ।

५. अव म महानगरपालिकाको आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्छु। चालु आ.व. २०७७।७८ को लागि कूल अनुमानित आय रु ४ अर्व ८४ करोड २ लाख ८२ हजार (आषाढ पहिलो हप्ता सम्म पुरक बजेट तथा थप अख्तियारी समेत) र व्ययतर्फ रु ४ अर्व ८४ करोड २ लाख ८२ हजार (पुरक बजेट तथा थप अख्तियारी समेत) अनुमान गरिएको थियो। अनुमानित आयमा २०७८ आषाढ पहिलो हप्ता सम्म महानगरले आन्तरिक आम्दानी रु ९५ करोड (घर जग्गा रजिष्ट्रेशनतथा जनसहभागिता सहित)प्राप्त भएको छ।

६. व्ययतर्फ चालु शीर्षकमा रु १ अर्व ८९ करोड ७३ लाख ५ हजार विनियोजन भएकोमा २०७८ आषाढ पहिलो हप्तासम्म रु१ अर्ब १८ करोड ४२ लाख ३३ हजार अर्थात ६२ दशमलव ४ प्रतिशत र पुँजिगततर्फरु २ अर्व ९४ करोड २९ लाख ७८ हजार विनियोजन भएकोमा१ अर्व १४ करोड १४ लाख ६८हजार अर्थात ३९ प्रतिशत गरी कुल खर्च जम्मा २अर्ब ३२ करोड ५७ लाख भएको अवस्था छ। गत आ.व.यहि समयमा चालु खर्च ६० प्रतिशत तथा पुँजिगत खर्च३० दशमलव ६ प्रतिशत रहेको थियो।

७. २०७८ आषाढ मसान्तसम्म संसोधित अनुमान राजश्व आम्दानीतर्फ जनसहभागिता तथा घरजग्गा रजिष्ट्रेशन शुल्क समेत गरी करिब रू. १ अर्व ५ करोड आम्दानी रहने अनुमान गरिएको छ। खर्चतर्फ चालु खर्च करिब रू१ अर्ब ७९ करोड ५० लाख र पुँजिगत खर्चतर्फ रू १ अर्ब ७४ करोड ४५ लाख तथा संघीय र प्रदेश सरकारको सशर्त अनुदान रु ६ करोड फ्रिज हुने संशोधित अनुमान गरिएको छ।

८. अब म आगामि वर्ष २०७८।७९ को बजेटका उद्देश्य तथा प्राथामिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। बजेटका उद्देश्यहरू निम्नानुसार प्रस्तुत गरिएकोछ

क. विकास तथा प्रभावकारी सेवा प्रवाह मार्फत सुशासन र मितव्ययीतामा आधारित महानगरपालिका निर्माण गर्ने

ख. महानगरबासी हरुको न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गर्दै जाने।

ग. आर्थिक, भौतिक, सामाजिक र वातावरणीय क्षेत्रमा दीगो पूर्वाधार विकास मार्फत समुन्नत र सुदृढ महानगर बनाई राष्ट्रको विकासमा टेवा पुर्याउने ।

घ. कोभिड -१९ जस्ता महामारीबाट परेको असरलाइ पुनउथ्थान गर्दै जाने

ङ. साधन-स्रोत, अवसर र क्षमताको विकास तथा सोको उच्चतम उपयोग गरी समृद्ध महानगर बनाउने ।

च. विकास सहयात्रीहरु सँगको निरन्तर सहकार्य मार्फत रोजगारीका अवसहरु सिर्जना गर्ने तथा महानगरपालिकाको वित्तीय तथा विज्ञताको रिक्तता पूर्ति गर्दै साझेदारी विधिबाट दीगो भौतिक पूर्वाधार तथा सेवा प्रवाह गर्दै जाने।

९. आर्थिक वर्ष २०७८।७९ को बजेटका प्रथामिकताका क्षेत्रहरू निम्नानुसार प्रस्तुत गरिएकोछ ।

१. शहरी पूर्वाधार, भू उपयोग तथा वस्ति विकास र अधुरा योजनाहरुको निरन्तरता

२. शिक्षा विकास

३. स्वास्थ्य सेवा

४. पशु तथा कृषि विकास

५. वातावरण, सरसफाई एवं हरियाली तथा विपद् व्यवस्थापन

६. नियमित मर्मत सम्भार

७. सहकारी तथा रोजगार प्रर्वद्धन

८. नीजि क्षेत्रसँग सहकार्य

९. युवा तथा खेलकुद

१०. सूचना,प्रविधि तथा डिजिटल प्रयोग

११. पर्यटन तथा उद्योग र वाणिज्य

१२. लैङ्गिक समानता, महिला शसक्तिकरण र सामाजिक समावेशीकरण

१३. राजश्व प्रशासन

१४. कर्मचारी प्रशासन,जनशक्ति विकास

१०. बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार, अन्य स्थानीय तहहरु, विकासको सहयात्रीको रुपमा रहेका नीजी तथा सहकारी क्षेत्रसँग समन्वय एवं साझेदारी गरिनेछ ।विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग तादातम्यता कायम गर्ने अधिकतम प्रयास गरिएको छ।

सभाका अध्यक्ष एवं

नगर सभाका सदस्यज्यूहरू,

११. अब म महानगरको आ.व. २०७८।७९कूल आय र व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१२. नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आ.व. २०७८।७९ को कूल व्यय रू. ४ अर्ब ८१ करोड १२ लाख ६५ हजार रहेको छ।यसको लागि आन्तरिक आय रु १ अर्व २०करोड (घरजग्गा रजिष्ट्रेशन एवं खानी तथा खनिज जन्य पदार्थको वाँडफाँडबाट प्राप्त आय समेत),अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट रु १ अर्व ७७ करोड २९ लाख ८३ हजार, केन्द्र तथा प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त रु ४४ करोड ८२ लाख ८२ हजार, जनसहभागिताबाट रु ३० करोड, बैंक मौज्दातरु १ अर्व, मर्मत सम्भार कोष बाट रु ३ करोड, सडक बोर्ड नेपालबाट रु ३ करोड र जिल्ला समन्वय समिति चितवन बाट रु ३ करोड रहने प्रक्षेपण गरिएको छ।

१३. अन्तरसरकारी अख्तियारीबाट अनुमानित रु १ अर्व २० करोड मूल सञ्चितकोषमा प्राप्त नहुने भएकोले अन्तर सरकारी अख्तियारी शीर्षकबाटनै खर्च तथा लेखांकनको व्यवस्था गरिने छ।

१४. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेट प्रस्तुत गर्न चाहन्छु ।

**अधुरा योजनाहरुको निरन्तरता**

**१५**. गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माण गर्न रु २ करोड तथा यस आ.व. मा निर्माण सम्पन्न हुन नसकेका तथा भुक्तानी बाँकीमा रहेका र अधुरो योजनाहरु समयमै सम्पन्न गर्नको लागि एकमुष्ट रु ९८ करोड बजेट विनियोजन गरिएको छ।

.

**वडास्तरबाटै सम्पन्न हुने योजनाहरु**

१६.वडाको समानुपातिक विकासका निम्ति सम्बन्धित वडास्तरबाट नै कार्यक्रम कार्यान्वयन हुने व्यवस्था मिलाइने छ। यसरी कार्यान्वय हुने योजनाहरुको लागि प्रत्येक वडाका निम्ति रु १ करोड ७० लाखको दरले जम्मा रु. ४९ करोड ३० लाख एकमुष्ठ विनियोजन गरिएको छ।

**शहरी पूर्वाधार, भू उपयोग तथा वस्ती विकास**

१७.रणनीतिक महत्वका पूर्वाधार निर्माण गर्न साझेदारी तथा समपूरक कोष स्थापना, एकीकृत शहरी विकास योजना,जोखिम संवेदनशिल भू उपयोग योजना, घर नम्बर तथा रोड नामाकरण, पुन नापी सञ्चालन, आवधिक योजना तर्जुमा, विभिन्न सम्पदा संरक्षण गुरुयोजना तर्जुमा,नमूना सडक निर्माण,भवन निर्माण, सिचाइ, कल्भर्ट, ग्राभेल, वातावरण संरक्षण गुरुयोजना तर्जुमा, ह्युमपाइप खरिद, ओभरहेड ब्रिज निर्माण, आयोजना बैंक निर्माण लगायतका शहरी सौन्दर्य र भूउपयोग सम्बन्धि नीति कार्यान्वयन गर्नको लागि रु ३१ करोड विनियोजन गरिएको छ। साथै संघ तथा प्रदेश सरकारको साझेदारीमा महानगरपालिकाको मुख्य प्रशासकीय भवन निर्माण गर्नको लागि रु १० करोड विनियोजन गरिएको छ।

**शिक्षा विकास**

१८.विद्यालयको भौतिक सुदृणीकरण कार्यक्रम,जस्तापाताको छानो भएका कक्षाकोठामा फल सिलिङ तथा विद्यालय कलर कोड, विद्यालयको रङरोगन गर्ने, एक वडा एक नमुना विद्यालयकार्यक्रम लाइ निरन्तरता दिने,अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रदेश स्तरीय खेलमा पदक जित्ने महानगरका खेलाडीहरुलाई पुरस्कृत तथा सम्मान गर्ने, शिक्षालाइ प्रविधिसँग आवद्ध गर्ने लगायतका शैक्षिक विकासको नीति कार्यान्वयन गर्नको लागि रु १२ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।

**स्वास्थ्य सेवा**

१९.आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा महानगरबासीको पहुँच सुनिश्चित गर्न स्वास्थ्यको सर्वव्यापी पहुँचको अवधारणा अनुसार वडामा स्वास्थ्य संस्था स्थापना,कोरोना संक्रमणको सम्भावना भएका व्यक्तिहरुको परीक्षण तथा उपचार, स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलालाई निःशुल्क यातायात एम्बुलेन्स खर्च, क्याल्सियम सप्लिमेन्टेसन कार्यक्रम र झुल वितरण कार्यक्रम तथा खोप क्लिनिक, गाउँघर क्लिनिक लगायत सामुदायिक सेवालाई निरन्तरता लगायतका कार्यक्रम कार्यान्वयन गर्न एकमुष्ठ रु ९

करोड विनियोजन गरिएको छ। साथै कोभिडको नियन्त्रण तथा प्रभावकारी उपचारको लागि रु १ करोड ९० लाख रकम रहेको महानगरपालिका कोभिड कोष स्थापना गरिने छ।

**कृषि तथा पशुपन्छी विकास**

२०.पचास प्रतिशत अनुदानमा कृषि यन्त्र उपकरण उपलब्ध गराउने,कृषकहरूलाई साना सिंचाइमा अनुदान, कृषकहरूको क्षमता अभिवृद्धि गर्ने तथा प्रविधि हस्तान्तरण गर्ने, कृषि बीमा कार्यक्रमलाई निरन्तरता दिइने लगायतका कृषि विकास तर्फका कार्यक्रम सञ्चालन गर्न एकमष्ठ रु ८ करोड बजेट विनियोजन गरिएको छ।

२१ पशु सेवाका कार्यक्रममा अनुदान प्रदान गर्ने,बीउबिजन र मल वितरणमा अनुदान दिने,दुधको अनुदानमा निरन्तरता दिदै विगत आ.व. देखि दिदै आएको प्रतिलिटर रु १ रुपैया अनुदान लाइ बढाइ प्रतिलिटर रु ३ रुपैया पुर्याइएको छ। यसबाट किसान हरुको मनोबल उच्च भइ महानगरपालिका दुधमा आत्मनिर्भर हुने विश्वास लिएको छु ।यसको लागि बजेट रु ५ करोड व्यवस्था गरिएको छ।

२२ कमजोर भएका र रोजगारी नभएका विपन्न परिवारहरूको जिविको पार्जनका लागि निर्वाह मुखी पशुपन्छी पालन कार्यक्रम, पशुजन्य पदार्थहरूको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न नश्ल सुधार तथा कृत्रिम गर्भाधान कार्यक्रम,मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रम लगायतका पशु विकास कार्यक्रम कार्यान्वयनमा ल्याउनको लागि रु ८ करोड ७० लाख वजेट व्यवस्था गरिएको छ।

**वातावरण तथा सरसफाइ र हरियाली प्रवर्द्धन**

२३. फोहोरको प्रभावकारी संकलन, ढुवानी तथा व्यवस्थापनएवं हरियालि प्रवर्द्धन गर्ने, एक घर दुई फलफूल विरुवा कार्यक्रम सञ्चालन, महानगरलाई प्लास्टिक मुक्त घोषणा कार्यक्रम, फोहोरलाइ स्रोतमा वर्गिकरण गरी नकुहिने फोहोर मात्र संकलन गर्ने लगायतका कार्यक्रम कार्यान्वयन गर्न एकमुष्ठ रु ७ करोड विनियोजन गरिएको छ।

**विपद् व्यवस्थापन**

२४.विपद् सामग्री खरीद, उचित भण्डारण, जनशक्ती परिचालन, जोखिम अल्पसंख्यकका कार्यक्रम सञ्चालन साथै कोरोना महामारी नियन्त्रणका लागि महानगरका विभिन्न स्थानमा क्वारेन्टाइन स्थलहरुको प्रभावकारी व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गर्न एकमुष्ठ रु ५० लाख साथै विपद तथा प्रकोप व्यवस्थापन कोषमा एकमुष्ठ रु १ करोड

५० लाख विनियोजन गरिएको छ। विपद तथा प्रकोप जन्य खर्चहरु यसै कोषबाट सञ्चालन गरिनेछ।

**नियमित सडक मर्मत सम्भार**

**२३.**महानगरका मर्मत गर्न आवश्यक देखिएका सडकहरूलाई मर्मत गर्न रु ६ करोड बजेट व्यवस्था गरिएको छ।

**सहकारी तथा रोजगारी प्रवर्द्धन**

२४.सहकारी संस्थाहरूलाई समुदायस्तरमा प्रवर्द्धन गरी युवा स्वरोजगार कार्यक्रम सञ्चालन,युवाहरूलाई सहकारी संस्था वा बैंक मार्फत लिने तीन लाख र पाँच लाख रुपैयाँ सम्मको ऋणमा तीन वर्षसम्मको लागि क्रमशः शतप्रतिशत र असी प्रतिशत ब्याज अनुदान कार्यक्रम सञ्चालन,विदेशबाट आर्जन गरेको सीप उपयोग गरी रोजगारी पैदा गर्ने खालका कृषि लगायतका साना उद्यम गर्न चाहने युवाहरुलाई अनुदान लगायतका कार्यक्रम कार्यान्वयन गर्नको लागि एकमुष्ठ रु ३ करोड ५० लाख विनियोजन गरिएको छ।

**नीजि क्षेत्र लयागत अन्य विकास सहयात्री सँग सहकार्य**

२५.नीजि तथा अन्य क्षेत्रको सहकार्य मार्फत पूर्वाधार विकास र सेवा प्रवाह गर्नको लागि एकमुष्ठ रु ३ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।

**युवा तथा खेलकुद**

२६. युवामा स्वयं सेवी भावना बढाउने कार्यक्रम विपद् व्यवस्थापनमा योगदान तथा, सामाजिक सुधारका कार्यमा परिचालन गर्न युवा स्वयं सेवा कार्यक्रम संचालन गर्ने,विद्यालय तहदेखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विद्यालयलाई खेल सामग्री उपलब्ध गराउने,राष्ट्रिय तथा नगरस्तरीय खेल प्रतियोगिता सञ्चालनका लागि प्रोत्साहन गर्ने, युथ पार्लियामेन्टको अभ्यास लगायतका कार्यक्रममार्फत् नगर युवा सञ्जाल तथा वडा युवा क्लबमा आबद्ध, युवाको नेतृत्व विकासमा जोडदिने लगायतका कार्यक्रमको लागि एकमुष्ठ रु ३ करोड विनियोजन गरिएको छ।

**सूचना तथा प्रविधि एवं डिजिटल प्रणाली**

२७.महानगरको सूचना तथा अभिलेख केन्द्र स्थापना, महानगरपालिकामा Intranet सहितको Networking लाई व्यवस्थित गर्ने,सफ्टवेयर मर्मत तथा सम्भार लगायतको

कार्यक्रम कार्यान्वयन गर्न रु २ करोड ५१ लाख ५८ हजार विनियोजन गरिएको छ।

**पर्यटन तथा उद्योग वाणिज्य**

२८. प्राचीन कला तथा संस्कृतिको संरक्षण,पर्यटकीय पदमार्ग निर्माणको लागि सम्भाव्यता अध्ययन तथा घरेलु साना उद्योग सञ्चालन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन लयागतका कार्यक्रम कार्यान्वयन गर्नको लागि एकमुष्ठ रु २ करोड ५० लाख विनियोजन गरिएको छ।

**लैङ्गिक समानता, महिला शसक्तिकरण र सामाजिक समावेशीकरण**

२९. विपन्न, महिला, दलित आदिवासी जनजाति तथा ,वञ्चितीमा परेका लक्षित वर्गको आर्थिक सशक्तीकरण,महिला तथा जोखिम समुदायसँग मेयर कार्यक्रम र समन्यायिक विकासमा उपमेयर कार्यक्रम,हिंसा अन्त्यका लागि वडाहरूमा अभियान सञ्चालन,एक वडा एक ज्येष्ठ नागरिक विश्रामस्थल कार्यक्रम, अपाङ्गता भएका व्यक्तिहरूको समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम लगायतका कार्यक्रम कार्यान्वयन गर्न एकमुष्ठ रु २ करोड ५० लाख विनियोजन गरिएको छ।

**राजश्व प्रशासन**

३०. महानगरको कर प्रशासन लाई चुस्त, सरल, प्रविधिमैत्री एवं करदाता मैत्री बनाई अधिकतम कर सहभागिता सुनिश्चित गर्न कर शिक्षा कार्यक्रम सञ्चालन गर्ने, महानगरपालिकाका सम्पूर्ण करदाताहरूको तथ्याङ्क सङ्कलन गरी अभिलेख अद्यावधिक,सेवाग्राहिले कर तिरिसकेपछि एसएमएस मार्फत धन्यवाद ज्ञापन गर्न , व्यक्तिगत कर पहिचान नम्बर प्रदान लगायतका कार्यक्रम कार्यान्वयन गर्नको लागि रु १ करोड ५० लाख बजेट विनियोजन गरिएकोछ।

**कर्मचारी प्रशासन,जनशक्ति विकास तथा सुशासन**

३१. तालिम, अध्ययन, भ्रमण, अभिमुखीकरण ज्ञान, सीप अनुभवको आदानप्रदान कार्यक्रम सञ्चालन, सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O & M Survey) , सार्वजनिक सुनुवाइ र सामाजिक लेखापरीक्षण लगायतका कार्यक्रम कार्यान्वयन गर्न एकमुष्ठ रु १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।

**सेवा प्रवाह र प्रशासन**

३२.उत्प्रेरित एवं उच्च मनोबलयुक्त जनशक्तिबाट प्रभावकारी सेवा प्रवाह भई आम सेवाग्राहीले सुशासनको अनुभूति गर्ने हुँदा कर्मचारीको क्षमता अभिबृद्धि गर्न, नेपाल सरकारले बढाएको तलवमानको अतिरिक्त महानगरपालिका र अन्तर्गत कार्यरत राजपत्राङ्कित कर्मचारीहरूलाई तलबमानको १० प्रतिशत र राजपत्र अनङ्कित कर्मचारीहरूलाई तलबमानको १५ प्रतिशत प्रोत्साहन भत्ताको लागि बजेट विनियोजन गरिएको छ। नेपाल सरकारले व्यवस्था गरेको पर्यटन काज समेतको लागि बजेट व्यवस्था गरिएको छ। विगत आ.व. देखि दिइदै आएको मासिक खाजा खर्च समायोजन गरिएको छ। महानगरपालिका तथा वडा कार्यालयको समग्र प्रशासनिक खर्च को लागि एकमुष्ठ रु ५९ करोड विनियोजन गरिएको छ ।

३३. लक्षित वर्ग कार्यक्रम तथा सामाजिक उत्थान क्षेत्रको नीति कार्यान्वयन गर्नको लागि एकमुष्ठ रु १ करोड ४० लाख बजेट विनियोजन गरिएको छ।

३४. संघीय तथा प्रदेश सरकाबाट प्राप्त सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान वापत प्राप्त बजेट तथा सडक बोर्ड नेपाल एवं जिल्ला समन्वय समितिबाट प्राप्त बजेट तोकिएकै शिर्षकमा खर्च तथा लेखाङ्कन गरिने छ।

अन्तमा,

प्रस्तुत बजेट तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्याउनुहुने नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यू, नगरसभा सदस्यज्यू, विषयगत समितहरु, विज्ञ महानुभाव, राजनीतिक दलका प्रतिनिधि एवं राजनीतिज्ञ, सञ्चारजगत्, नागरिक समाज, विकास सहयात्री लगायत सम्पूर्ण नगरबासी दाजुभाई तथा दिदीबहिनी एवं अहोरात्र खटिने महानगरपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै आय र व्यय समेटिएको रातो पुस्तिकामा कार्यक्रम र बजेट सहित प्रस्तुत गरिएको छ। उक्त पुस्तिका छिटै प्रकाशन गरिनेछ ।

धन्यवाद्

पार्वती शाह ठकुरी

उपप्रमुख

भरतपुर महानगरपालिका भरतपुर, चितवन

मिति २०७८ आषाढ १० गते बिहिबार।